नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरबार,

काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

श्रावण महिनाको तेश्रो हप्ताको सुरुआतसंगै कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गरी आज मिति २०७८ श्रावण २२ गते माननीय गृहमन्त्रीज्यूको संयोजकत्वमा गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, पर्यटन मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवज्यूहरु, कोभिड-१९ संकट व्यवस्थापन केन्द्रका केन्द्र प्रमुख, सुरक्षा निकायका प्रमुखहरु र उपत्यकाका तीन वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुको उपस्थितिमा बैठक बसेको छ । कोभिड-१९ को बढ्दो संक्रमण, रोकथाम, नियन्त्रण र उपचारका सम्बन्धमा भएका निर्णय र काम कारवाहीहरु एवं संक्रमणको जोखिमबाट बच्न आगामी दिनमा गर्नुपर्ने कार्ययोजनाका सम्बन्धमा सम्बद्ध निकायका तर्फबाट बैठकमा प्रस्तुत गरिएको थियो । काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूले कोभिड-१९ को दोस्रो लहरमा भोग्नु परेका समस्या र आगामी दिनमा गर्नुपर्ने तयारीका सम्बन्धमा प्रस्तुत गर्नुभएको थियो । बैठकको अन्त्यमा माननीय गृहमन्त्रीज्यूबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक औषधिको तत्काल व्यवस्था गर्न, खोप केन्द्रलाई व्यवस्थित बनाई खोप वितरण गर्न, मास्क वितरण र कोभिड-१९ को संक्रमण नियन्त्रण गर्न अपनाउनु पर्ने सावधानी सम्बन्धी प्रचार सामाग्रीको पर्याप्त वितरण गर्न निर्देशन दिनुका साथै राज्यको प्रथम दायित्व नागरिकको सुरक्षा भएको र अहिले राज्यको पहिलो प्राथमिकता कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको व्यवस्थापन भएकोले राज्यका सम्बद्ध सवै निकायहरुले कोभिड-१९ महामारीको जोखिमबाट नागरिकलाई बचाउन र कोभिड-१९ बाट संक्रमित कसैले पनि उपचारको अभावमा जीवन गुमाउन नपर्ने गरी जिम्मेवारी पूर्वक एक आपसमा समन्वय गर्दै आ-आफ्नो भूमिका निर्वाह गर्न निर्देशन गर्नु भएको व्यहोरा अनुरोध छ ।

२०७८/४/२२

मितिः २०७८/०४/२२

फणिन्द्रमणि पोखरेल

सहसचिव/प्रवक्ता